064/066

# नेपाल बार एशोसिएशन
## महिला समिति

२०७५/०४/१६

श्री अध्यक्षज्यू
सम्पूर्ण उच्च अदालत तथा जिल्ला अदालत बार
तथा
सम्पूर्ण कानुन व्यवसायी महिला समितिहरु ।

विषय :- **कानुन व्यवसायी महिलाहरुको २७ औं राष्ट्रिय सम्मेलनका लागि कार्यपत्र लेखन सम्बन्धमा ।**

महोदय,

नेपाल बार एशोसिएशनद्वारा आयोजना हुन लागेको कानुन व्यवसायी महिलाहरुको २७ औं राष्ट्रिय सम्मेलन यस वर्ष मिति २०७५ असोज ५ र ६ गते ***(स्थानका बारेमा पछि जानकारी गराइनेछ)*** सञ्चालन गर्ने निर्णय भएको जानकारी गराउँदछौं ।

सम्मेलनमा निम्नानुसारका अलग/अलग शीर्षकमा कार्यपत्र प्रस्तुत भई गहन छलफल हुने कार्ययोजना रहेको जानकारी गराउँदछौं ।

कार्यपत्रको विषयवस्तु :-

क) संविधानको प्रभावकारी कार्यान्वयन ।
- *मौलिक हक,*
- *न्यायपालिका,*
- *नागरिकता,*

ख) मुलुकी संहिताहरुको कार्यान्वयन ।
- *मुलुकी देवानी (संहिता) ऐन, २०७४,*
- *मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४,*
- *मुलुकी अपराध (संहिता) ऐन, २०७४,*
- *मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४,*
- *फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४*

ग) कानुन व्यवसायी महिलाको पेशागत दक्षता अभिवृद्धि तथा न्यायमा पहुँच ।
- *कानुनी सहायता,*
- *कानुनी साक्षरता,*
- *प्रो-बोनो,*
- *ल फर्म व्यवस्थान,*
- *स्थानीय न्यायिक समिति,*
- *आर्थिक सशक्तिकरण,*

सम्मेलनका कार्यपत्रहरु नेबाएद्वारा प्रकाशित हुने न्यायदूत मार्फत प्रकाशित गरी न्यायदूत नै सम्मेलनमा वितरण गर्ने कार्ययोजना रहेकोले तोकिएको मिति पश्चात प्राप्त हुने कार्यपत्र समावेश गरिने छैन ।

# नेपाल बार एशोसिएशन
## महिला समिति

कार्यपत्र निम्न ढाँचा र प्रक्रिया पुरा गरी लेखेको हुनुपर्नेछ ।

- कार्यपत्र ३००० देखि ३५०० शब्दमा नबढाई लेखिएको हुनुपर्नेछ ।
- कार्यपत्र प्रीति फन्टको १६ साईजको हुनुपर्नेछ ।
- कार्यपत्रलाई निम्नानुारको उपशीर्षकमा विभाजन गरी तयार पारेको हुनुपर्नेछ ।
  (क) परिचय (कार्यपत्रले समेटेका कुरा छोटकरीमा) ।
  (ख) पृष्ठभूमि ।
  (ग) समस्या (मुल समस्या के हो ?)/मुल सवाल ।
  (घ) विषयवस्तुको सान्दर्भिकता तथा अन्य मुलुकको छोटकरीमा तुलनात्मक रुपमा विवेचना ।
  (ङ) सुझाव ।
  (च) निष्कर्ष ।
  (च) सन्दर्भ सामग्री सूची तथा पाद टिप्पणी ।
- कार्यपत्र विश्लेषणात्मक र अनुसन्धानात्मक रुपमा लेखिएको हुनुपर्नेछ ।
- अन्यत्र प्रस्तुत गरिसकेको कार्यपत्रलाई स्वीकार गरिने छैन ।

उल्लेखित कार्यपत्र अनुसन्धानात्मक विधिको प्रयोग गरि प्रिति फन्टमा टाइप गरि भाद्र १६ गतेभित्र नेबाएमा ईमेल neba@nepalbar.org मा पठाउनु पर्नेछ । ईमेलमार्फत प्रेषित कार्यपत्रहरु प्राप्त भएको पुष्टि अनिवार्य रुपमा लिनु पर्नेछ । निर्धारित समयभन्दा पछि प्राप्त भएको कार्यपत्रहरुलाई समावेश गर्न सकिने छैन ।

सम्मेलनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न यस विषयमा पूर्ण जानकारी प्रदान गर्ने गरी सम्बन्धित बारको आ-आफ्नो सूचना पाटीमा समेत यो सूचना टास गरी सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

डा॰ अधिवक्ता उषा मल्ल पाठक
अध्यक्ष
महिला समिति